मध्यनेपाल नगरपालिका

भोर्लेटार, लमजुङ

# नगर कार्यपालिकाको वैठकका प्रस्ताव तथा निर्णयहरुः

(वैठक संख्याः १२/२०८१-०८२, मितिः २०८२/०२/०८)

१. **विगतका वैठकको समिक्षा सम्बन्धमाः** नगर कार्यपालिकाको एघारौं वैठक र सो भन्दा अगाडि विभिन्न मितिमा वसेका वैठकहरुको छलफल तथा समीक्षा गरीयो।

२. **नगरसभा सम्वन्धमाः-** यस मध्यनेपाल नगरपालिकाको नगरसभाको १७ औं अधिवेशन मिति २०८२/०३/१० गते वस्नेगरी तय गर्ने। प्रचलित कानून बमोजिम सभामा पेश गर्नुपर्ने आगामी आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम तथा वजेट तथा योजना/कार्यक्रम, चालु आ.व. को हालसम्मको प्रगति विवरण लगायतका विषयहरु सम्वन्धित वडा कार्यालय तथा शाखाहरुको समन्वयमा तयार गर्न कार्यालयलाई निर्देशन दिने।

३. **कर्मचारी पदपूर्ति सम्बन्धमाः** मध्यनेपाल नगरपालिकामा सहायक चौंथो तहको पदमा कार्यरत अमिन श्री प्रकाश सिंह नापी कार्यालय डोल्पामा रमाना भई गएको त्यसैगरी वडा नं. ४ स्थित रम्घा स्वास्थ्य चौकीमा कार्यरत अ.हे.व. श्री सिर्जना परियार जलजला गाउँपालिका पर्वतमा रमाना भएको कारण उल्लिखत पदहरु रिक्त भएको, वडा नं. १० स्थित नेटा स्वास्थ्य चौकीमा सेवा करारमा कार्यरत कार्यालय सहयोगी सरिता अछामीको राजिनामा मिति २०८२/०२/०१ मा स्वीकृत भएको हुँदा रिक्त अमिन पदसंख्या-१, अ.हे.व. पदसंख्या-१ र का.स. पदसंख्या-१ तत्काल पदपूर्ति गर्नुपर्ने भएकोले सेवा करारमा कर्मचारी पदपूर्तिको प्रकृया अगाडी बढाउन कार्यालयलाई स्वीकृति दिने।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) तथा मध्यनेपाल नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण कार्यविधि,२०७४ को नियम ५ को उप नियम (१) बमोजिम प्रमाणित गरिएको।

**निर्णय प्रमाणीत गर्ने**

चण्डिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत

रमेश कुमार पौडे
नगर प्रमुख

मितिः २०८२/०२/०८